# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८३/०८४ (पशुपंन्छी विकास शाखा)
च.नं.

मितिः२०८३/०४/०५

**लम्पी स्किन रोग सम्बन्धी सूचना !**

लम्पी स्किन रोग (Lumpy Skin Disease) गाई भैंसीमा विषाणुबाट लाग्ने अति संक्रामक रोग हो । यो रोग सामान्यतया लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदिको टोकाइबाट सर्छ । साथै संक्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा संक्रमित पशुसँग प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशुमा समेत सर्छ । छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने भएकोले यस रोगको शीघ्र नियन्त्रण गर्न आवश्यक छ । हाल देशका विभिन्न स्थान र बर्दघाट नगरपालिकामा गाई भैसींमा लम्पी स्किन रोग देखा पर्न थालेको हुँदा रोगको रोकथाम तथा नियन्त्रण गर्न तपशिल बमोजिमको कार्य गर्न हुन यो सूचना सबैमा जानकारीको लागि अनुरोध गरिएको छ ।

तपशिल:

१.स्वस्थ गाई र भैंसीलाई अनिवार्य खोप लगाउने ।

२. गोठ तथा फार्म परिसरमा नियमित सरसफाई गरी सफा र सुघर राखी लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदि किराको संख्यालाई नियन्त्रण गर्ने ।

३. गोठ भित्र वा बाहिर ब्लिचिङ्ग पाउडर, फर्मालिन, ग्लुटरअल्डिहाइड लगायतका रसायनहरु प्रयोग गरी निःसङ्क्रमण गर्ने ।

४. रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने ।

५. पशु मरेमा मरेका पशुलाई राम्रोसँग खाडलमा गाड्ने ।

६.रोग देखा परेको क्षेत्रबाट गाई भैसको ओसारपसार नगर्ने । पशुको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र लिएर मात्र गर्ने ।

७. फार्मको मुख्य प्रवेशद्वार तथा खोर बाहिर निःसङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्ने ।

८.नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बथानमा मिसाउने ।

प्रमुख प्रशासकीय अधिकृत